**कविताः मोनालिसा ! तिमी किन बोल्दिनौ ?**

मोनालिसा !
सोह्रौँ शताब्दीदेखि अहिलेसम्म
तिमी साक्षी छौ समयको
तर, तिमी किन बोल्दिनौ ?

मन्द मुस्कानसहित
चारसय वर्षसम्म त्यसरी नै
टाँगिएकी छौ 'लौव्रे म्युजियम'का भित्तामा
तिम्रो एकटकको हेराइ
हेराइभित्र बाँधिएको एकाग्रता
एकाग्रतासँगै लुकेको रहस्य
देखेर अचम्मित छ संसार
तिमी किन बोल्दिनौ ?

तिम्रो संसार कस्तो छ ?
तिम्रा आफन्त कति छन् ?
तिम्रा दर्शक कति छन् ?
तिम्रा प्रशंसक कति छन् ?
तिम्रा नजरभित्र गुम्सिएका
पीडा र ब्यथाहरू कति छन् ?
एकपटक मुख खोलेर त हेर
साँच्चै तिमी मुख खोल्दिनौ त ?

मोनालिसा !
थाहा छैन होला तिमीलाई
'लौव्रे'को भित्तामा टाँगिनुको रहस्य
तिम्राबारेमा संसारले लगाएको अर्थ
तिमीभित्र दबिएका इच्छा-आकांक्षाहरू
तिमीले अनुभूत गरेका मान्छेहरू
बुझेर पनि किन नबुझेजस्तो गर्छौ हँ ?

तिमीलाई थाहा छ ?
आँट्यौ भने तिमीले
संसार बदल्न सक्छौ
चाह्यौ भने तिमीले विश्वलाई
शान्ति, अहिंसा र न्याय दिन सक्छौ
भन, हेर्न आउने करोडौँ मान्छेहरुसँग
तिमीले केही नबोल्नुको रहस्य के छ ?

तिमी साक्षी हौ इतिहासको
तिमी पहरेदार जिउँदो समयको
तिमी घुम्टोभित्र हात बाँधेर बस्दा
संसारभरिका आमा-दिदी-बहिनीहरू
शोषण-दमन र अन्याय-अत्याचारको
जञ्जीरले बाँधिएका छन्
एकपटक ठण्डा दिमागले सोच-
संसारै लट्ठ पार्ने तिम्रो मुस्कानले
विश्वका नारीहरूलाई खुसी दिएको छ ?
विश्व नै डगमगाउने तिम्रो नजरले
नारीमाथिको दमन देखेको छ ?

युगद्रष्टा मोनालिसा !
सताब्दियौँदेखि अहिलेसम्म
तिम्रो एकनासे 'पोट्रेट' हेराइजस्तै
नारीलाई हेर्ने दृष्टिकोण उस्तै छ
तिम्रो रहस्यपूर्ण एकाग्रताजस्तै
नारीमाथिको शोषण-दमन उस्तै छ
तिम्रो मुस्कानको मूल्य तोक्नेहरू
अहिले पनि उत्तिकै सक्रिय छन्
समयजस्तै तिमीले पनि नारीलाई
'ल्याण्डस्केप' नजरले हेर्न सकिनौ
घुम्टो च्यातेर बाहिर आउने हिम्मत गर
यो बेला तिमीले हात बाँध्नु हुँदैन
नपत्याए 'लौव्रे'का भित्ता-भित्तालाई सोध
तिमीले नारीमुक्तिबारे कहिले, के बोल्यौ हँ ?

-टेकेन्द्र अधिकारी, विराटनगर

***